# **प्रहरी निरीक्षक (जनपद) पदको लिखित परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना !!!**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ रिक्त **प्रहरी निरीक्षक** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्न नेपाल प्रहरी प्रधान कार्यालयबाट मिति २०८०/०७/०३ गते प्रकाशित विज्ञापन अनुसार **विस्तृत स्वास्थ्य परीक्षणमा** उत्तीर्ण भएका उम्मेदवारहरूको **लोक सेवा आयोगद्वारा निम्न तालिका बमोजिम लिखित परीक्षा सञ्चालन** हुने व्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै **लिखित परीक्षाको परीक्षा केन्द्र सम्बन्धी सूचना** लोक सेवा आयोगबाट प्राप्त भए पश्चात् नेपाल प्रहरीको वेभसाईट ***www.nepalpolice.gov.np*** मा प्रकाशन गरिने व्यहोरा समेत जानकारीको लागि सूचित गरिन्छ ।

**निम्न:-**

लोक सेवा आयोग

# सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा

## परीक्षा संचालन शाखा

## प्रहरी निरीक्षक पदको परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | श्री नेपाल प्रहरी | विज्ञापन प्रकाशित मितिः | २०८०/०७/०३ | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०८०/१०/१६ |
|---|---|---|---|---|---|

**नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार देहाय बमोजिमका पदहरुको **खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षा** देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान | पेशागत व्यवहारिक परीक्षण | | |
| १ | ०१ (०८०/८१) | खुला तथा समावेशी | प्रहरी निरीक्षक | २०८० फागुन १५ गते दिनको २:०० बजे (५० मिनेट) | २०८० फागुन १६ गते दिनको २:०० बजे (३ घण्टा) | २०८० फागुन १७ गते दिनको २:०० बजे (२ घण्टा १५ मिनेट) | २०८० फागुन १७ गते दिनको ४:२५ बजे (४५ मिनेट मिनेट) | विस्तृत स्वास्थ्य परीक्षण उत्तीर्ण सबै उम्मेदवार | परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।

७. आयोगबाट जारी भएको **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७** (तेस्रो संशोधन) को पालना गरी परीक्षा सञ्चालन गरिनेछ ।

| | |
|---|---|
| | **तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ ।** |
| १ | तृतीय पत्रको पेशागत सैद्धान्तिक ज्ञान (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त परीक्षाको उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा पेशागत व्यवहारिक परीक्षणको उत्तरपुस्तिका वितरण हुनेछ, उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ । |
| २ | परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिच्ने लगायतका कार्य गर्न गराउन पाइने छैन । |
| ३ | पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत प्रहरी निरीक्षक पदको लागि Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ । |
| ४ | उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्र पाउने छैन । उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ । |
| ५ | परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ । |

राजु सत्याल
शाखा अधिकृत

युवराज पोखरेल
उप सचिव

**मितिः- २०८०/१०/१६ गते।**


**नेपाल प्रहरी प्रधान कार्यालय**

मानवश्रोत विकास विभाग

वृत्ति विकास महाशाखा

भर्ना छनौट शाखा

नक्साल, काठमाडौं।

०१-४४१४९०६


नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल